संघीय संसद

प्रतिनिधि सभा

**सार्वजनिक लेखा समिति**

**बैठक संख्या-३९**

मितिः-२०८१/१२/१२

**छलफल तथा निर्णयहरु**

समितिको आजको बैठकमा **"हुलाकी, वि.पी र अरनिको राजमार्ग लगायतका राष्ट्रिय राजमार्गहरुको वर्तमान अवस्थाबारे छलफल"** कार्यसूचीमाथि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्री, सचिव तथा सम्बद्ध पदाधिकारीहरुसँग छलफल भयो। आजको बैठकमा भएको छलफलका आधारमा देहाय बमोजिम निर्देश गर्ने निर्णय भयोः-

१. समितिको २४ औं बैठकमा **"हुलाकी राजमार्गः हालसम्मको लगानी र उपलब्धी"** सम्बन्धी विषयमा भएको छलफल र सो सम्बन्धमा दिइएको निर्देशन प्रभावकारी रुपमा कार्यान्वयन गर्न, गराउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई पुनः निर्देश गर्ने। साथै, कार्य प्रगतिको विवरण समेत हरेक ३/३ महिनामा समितिसमक्ष उपलब्ध गराउन समेत निर्देश गर्ने,

२. वि.पी र अरनिको राजमार्ग लगायतका राष्ट्रिय राजमार्गहरु वर्षात अगाडि नै मर्मत सम्भार गरी यातायात आवगमनलाई सहज बनाउन आवश्यक प्रबन्ध मिलाउने गरी कार्यसम्पादन गर्न नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देश गर्ने,

३. वि.पी, अरनिको, हुलाकी, मध्यपहाडी लगायतका राष्ट्रिय राजमार्गहरुको निर्माण, विस्तार, स्तरोन्नतीका साथै बागमतीको बडहरवा, कन्काई, रतुवा र विरिङ लगायतका पुलहरुको शीघ्र निर्माण कार्यको लागि बजेटको अभाव हुन नदिन नेपाल सरकार, अर्थ मन्त्रालयलाई निर्देश गर्ने,

४. सार्वजनिक खरिद ऐन र नियमावलीको मर्म अनुसार खरिद प्रक्रियामा एकरुपता कायम गर्न शीघ्र सार्वजनिक खरिद निर्देशिका जारी गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई निर्देश गर्ने,

५. समितिको अर्को बैठक सूचना भएपछि बस्ने गरी आजको बैठक स्थगित भयो।

२०८१/१२/१२